आकाषवाणी  समाचार नेपाली

मितिः 16 जून 2026

समय : 7:25 – 7:35 (अवधि 10 मिनट)

## प्रमुख समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो दुई-देश भ्रमणको तेस्रो चरणमा जी7 शिखर सम्मेलनमा भाग लिन आज फ्रान्सको एभियन पुग्नु हुनेछ।

२. स्लोभाकियाका राष्ट्रपति पीटर पेलेग्रिनीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई स्लोभाकियाको सर्वोच्च राजकीय सम्मानए  ३द अर्डर अफ द ह्वाइट डबल क्रसए  फर्स्ट क्लास३  सम्मानले सम्मानित गर्नुभयो।

३. लोकसभा अध्यक्ष ओम बिरला आज नयाँ दिल्लीमा विकसित भारत युवा संसद 2026 को उद्घाटन गर्नु हुनेछ।

४. केन्द्रीय गृह सचिव गोविन्द मोहन ने **नीट यूजी** पुनर्परीक्षाभन्दा पहिला सुरक्षा र तैयारीहरुको समीक्षाको लागि एक उच्च स्तरीय बैठकको अध्यक्षता गर्नु भयो।

५. अमेरिका र इरान लगभग चार महिनादेखि जारी युद्ध अन्त्य गर्न सम्झौतामा सहमत भएका छन्।

**प्रधानमन्त्री – ळ7**

प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो दुई-देश भ्रमणको तेस्रो चरणमा जी7 शिखर सम्मेलनमा भाग लिन आज फ्रान्सको एभियन पुग्नु हुनेछ। फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले प्रधानमन्त्रीलाई औपचारिक स्वागत गर्नु हुनेछ। त्यसपछि  श्री मोदी "नयाँ साझेदारी निर्माण र अन्तर्राष्ट्रिय एकताको पुनर्निर्माण" शीर्षकको शिखर सम्मेलनको कार्य सत्रमा भाग लिनुहुनेछ। जी7 देशका नेताहरूए  साझेदार देशहरूका प्रमुखहरू  र विश्व बैंक र अफ्रिकी विकास बैंकका प्रतिनिधिहरूले पनि यस सत्रमा भाग लिनेछन्। भ्रमणको क्रममा  श्री मोदीले क्यानडाका प्रधानमन्त्री मार्क कार्नीए  ब्रिटेनका प्रधानमन्त्री केयर स्टारमर र युएईका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानसँग द्विपक्षीय बैठक गर्नु हुनेछ। त्यसपछि उहाँ फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले आयोजना गरेको रात्रिभोजमा भाग लिनु हुनेछ।

प्रधानमन्त्री नरेन्द्र मोदी राष्ट्रपति इमानुएल म्याक्रोनको निमन्त्रणामा फ्रान्सेली शहर एभियनको भ्रमण गर्दै हुनुहुन्छ। उल्लेखनीय कुरा के छ भनेए  यो जी7  शिखर सम्मेलनमा भारतको तेह्रौं सहभागिता हो  र प्रधानमन्त्री नरेन्द्र मोदी लगातार सातौं पटक भाग लिइरहनु भएको छ। जी7  शिखर सम्मेलनमा भारतको नियमित सहभागिताले शान्तिए सुरक्षाए विकास र पर्यावरणीय दिगोपनसँग सम्बन्धित विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन गर्न देशको भूमिका र योगदानको बढ्दो मान्यतालाई प्रतिबिम्बित गर्दछ।

**जी7 शिखर सम्मेलन सुरु**

हिजो फ्रान्सको इभियनमा ५२ औं जी7  शिखर सम्मेलन सुरु भयो। विश्वका प्रमुख अर्थव्यवस्थाका नेताहरूले त्यहाँ प्रमुख अन्तर्राष्ट्रिय चुनौतीहरूबारे छलफल गरिरहेका छन्। फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले "प्रमुख अन्तर्राष्ट्रिय चुनौतीहरूको सामना गर्न मिलेर काम गर्नु" भन्ने विषयमा केन्द्रित एक कार्यकारी रात्रिभोज आयोजना गर्नु भयो। यसअघि श्री म्याक्रोनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पए  ब्रिटेनका प्रधानमन्त्री केयर स्टारमरए  युरोपेली आयोगका अध्यक्ष

उर्सुला भोन डेर लेयन र युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टा लगायत जी7  नेताहरूलाई शिखर सम्मेलनमा औपचारिक रूपमा स्वागत गर्नु भयो। तीन दिने शिखर सम्मेलनको क्रममा  नेताहरूले विश्वव्यापी असन्तुलन कम गर्नेए प्रमुख भूराजनीतिक संकटहरूलाई सम्बोधन गर्नेए  बालबालिकासँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्ने र संगठित अपराध र अवैध वित्तीय प्रवाह विरुद्धको लडाईलाई बलियो बनाउने बारेमा छलफल गर्ने अपेक्षा गरिएको छ। जी7 शिखर सम्मेलन जी7  सदस्य देशहरूका नेताहरूद्वारा वार्षिक रूपमा आयोजना गरिने अन्तर्राष्ट्रिय मञ्च हो जसमा क्यानडाए  फ्रान्सए  जर्मनीए  इटालीए  जापानए  ब्रिटेन र अमेरिका आदिले आयोजना गर्ने गरेको छ।

**प्रधानमन्त्री सम्मानित**

स्लोभाकियाका राष्ट्रपति पीटर पेलेग्रिनीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई स्लोभाकियाको सर्वोच्च राजकीय सम्मानए  श्द अर्डर अफ द ह्वाइट डबल क्रसए  फर्स्ट क्लासश्  सम्मानले सम्मानित गर्नुभयो। श्री मोदीले यस विशिष्ट सम्मानको लागि राष्ट्रपतिए  सरकार र स्लोभाकियाका जनताप्रति हार्दिक आभार व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, यो सम्मान भारतका एक सय 40 करोड़ जनता र भारत र स्लोभाकियाबीचको मित्रताको बलियो सम्बन्धको सम्मान हो।

श्री मोदीले यो पुरस्कारलाई भारत र स्लोभाकियाका जनतालाई एकताबद्ध गर्ने न्यानोपनए  विश्वास र स्नेहको प्रमाणको रूपमा वर्णन गर्नुभयो। प्रधानमन्त्रीले आशा व्यक्त गर्नुभयो, यो सम्मानले दुवै देशका भावी पुस्ताहरूलाई उनीहरूको विशेष मित्रता कायम राख्न प्रेरित गर्नेछ।

**बिरला.युवा संसद**

लोकसभा अध्यक्ष ओम बिरला आज नयाँ दिल्लीमा विकसित भारत युवा संसद  2026  को उद्घाटन गर्नु हुनेछ। यस कार्यक्रमको आयोजन युवा कार्यक्रम र खेल मन्त्रालयले गरेको छ। मन्त्रालयले भनेको छए यस पहल लोकतान्त्रिक प्रक्रियाहरुमा युवाहरुको भागीदारीलाई नयाँ तरिकाले परिभाषित गर्दछ र यसमा युवाहरुको शासनए  नीतिगत विचार. विमर्श र संसदीय कार्यप्रणालीको व्यावहारिक जानकारी मिल्दछ। मन्त्रालयले भनेको छए विकसित भारत युवा संसद एक यस्तो आन्दोलन हो जसलाई लिएर भारतको युवाहरुको ऊर्जाए  विचारहरु र आकांक्षाहरुको राष्ट्रीय स्तरमा हुने गर्छ।

**प्रल्हाद जोशी – वायु टर्बाइन**

केन्द्रीय नवीन तथा नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद जोशीले हिजो वैश्विक पवन दिवस 2026 राष्ट्रीय सम्मेलनको क्रममा पवन टरबाइन आपूर्ति श्रृंखला प्रबंधन - डब्ल्यूटी-मारुत पोर्टल उद्घाटन गर्नुभयो। यो पहलले भारतको नवीकरणीय ऊर्जा क्षेत्रलाई बढावा दिनेछ। डब्ल्यूटी-मारुत पोर्टल नवीन तथा नवीकरणीय ऊर्जा मन्त्रालय र भारतीय वायु टर्बाइन उत्पादक संघले संयुक्त रूपमा विकास गरेको हो। यो देशको पहिलो समर्पित डिजिटल प्लेटफर्म हो जसको उद्देश्य वायु ऊर्जा आपूर्ति शृङ्खलालाई सुव्यवस्थित गर्नु हो। यो पहलले कम्पोनेन्ट उपलब्धतामा पारदर्शिता बढाउनेए  घरेलु आपूर्तिकर्ताहरूको लागि सजिलो पहुँच सहज बनाउनेए  डेटा सुरक्षा सुधार गर्ने र सरकारको श्आत्मनिर्भर भारतश् को दृष्टिकोणलाई अगाडि बढाउने अपेक्षा गरिएको छ।

यस अवसरमा बोल्नु हुँदै श्री जोशीले वायु ऊर्जा क्षेत्रमा भारतको तीव्र वृद्धिलाई प्रकाश पार्नु भयो। उहाँले २०२५-२६ वित्त वर्षमा वायु ऊर्जा क्षमता रेकर्ड छह दशमलव एक गिगावाटले बढेको उल्लेख गर्नु भयो  जुन ४६ प्रतिशतको वार्षिक वृद्धि दर दर्ता गर्दै आएको छ। जम्मा स्थापित वायु ऊर्जा क्षमता 56 दशमलव एक गीगावाटको अंक पार गरेसँगै  भारतले विश्वको चौथो ठूलो वायु ऊर्जा बजारको रूपमा आफ्नो स्थान बलियो बनाएको छ।

यस अवसरमा नवीन तथा नवीकरणीय ऊर्जा राज्यमन्त्री श्रीपाद नाईकले स्वच्छ ऊर्जा प्रविधिहरूको ठूलो मात्रामा अपनाएर शून्य कार्बन उत्सर्जन हासिल गर्ने भारतको प्रतिबद्धता दोहोऱ्याउनु भयो।

## राम मन्दिर दान अनुसन्धान

अयोध्याको राम मन्दिरमा दान र बहुमूल्य वस्तुहरूको दुरुपयोग सम्बन्धी आरोपहरूको अनुसन्धान गर्न गठित विशेष अनुसन्धान टोली एसआईटीले आफ्नो अनुसन्धान सुरु गरेको छ। एसआईटीको नेतृत्व लखनऊका डिभिजनल कमिश्नर विजय विश्वास पन्तले गर्नु भएको छ  जसमा पुलिस महानिरीक्षक किरण एस र विशेष सचिव वित्त विभाग नील रतन सदस्यको रूपमा छन्। सबै सदस्यहरूले हिजो अयोध्या आयुक्त र जिल्लाधिकारीसँगै राम मन्दिर परिसरको भ्रमण गरेका थिए।

राम मन्दिरमा चढाइएको दान र बहुमूल्य वस्तुहरूको व्यवस्थापनमा अनियमितताको आरोप लागेपछि राज्य सरकारले एसआईटी गठन गरेको थियो। अधिकारीहरूले अहिलेसम्म कुनै पनि निष्कर्ष खुलासा गरेका छैनन् र अनुसन्धान प्रारम्भिक चरणमा छ। समितिलाई सात दिनभित्र प्रारम्भिक प्रतिवेदन र १५ दिन भित्र अन्तिम प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ।

यसैबीच  राम मन्दिर निर्माण समितिका अध्यक्ष नृपेन्द्र मिश्र पनि अयोध्यामा छन्। मिडियासँग कुरा गर्नु हुँदै उहाँले अनुसन्धानमा कुनै ढिलाइ नहुने बताउनु भयो। उहाँले भन्नु भयोए जिल्ला प्रशासन र मन्दिर प्रशासन दुवैले एसआईटीलाई पूर्ण सहयोग गर्नेछन्।

## बैठक - नीट यूजी पुनर्परीक्षा

केन्द्रीय गृह सचिव गोविन्द मोहन ने **नीट यूजी** पुनर्परीक्षाभन्दा पहिला सुरक्षा र तैयारीहरुको समीक्षाको लागि एक उच्च स्तरीय बैठकको अध्यक्षता गर्नु भयो। उहाँले विद्यार्थिहरुको सुविधाए  सुरक्षा व्यवस्था र परीक्षा प्रक्रियाको निष्पक्षतामा विशेष ध्यान दिनु हुँदै यस पुनर्परीक्षाको लागि राज्य  सरकारहरुको तैयारीहरुको समीक्षा गर्नु भयो। गृह सचिवले सबै राज्य सरकारहरुए  केन्द्र शासित प्रदेशहरु र केन्द्रीय एजेन्सिहरुलाई सुरक्षा प्रोटोकॉलको पालन गर्ने निर्देश दिनु भयो। श्री मोहनले राज्यहरुर केन्द्र शासित प्रदेशहरुदेखी विद्यार्थिहरुको सुगम यात्रा सुनिश्चित गर्न अपील गर्नु भयो। रेलवे बोर्डको अध्यक्षले पूर्ण सहयोगको आश्वासन दिनु भयो।

बैठकको समय स्कूल शिक्षा र साक्षरता विभागको सचिवए  उच्च शिक्षा विभागको सचिवए  डाक विभागको सचिवए केन्द्रीय रिजर्व पुलिस बल- सी.आर.पी.एफए  केन्द्रीय औद्योगिक सुरक्षा बल- सी.आई.एस.एफए  नागर विमानन सुरक्षा ब्यूरो- बी.सी.ए.एसको महानिदेशक र राष्ट्रीय परीक्षा एजेंसी- एन.टी.एको महानिदेशक तथा रक्षा मन्त्रालय र स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालयको वरिष्ठ अधिकारी पनि उपस्थित थिए।

## पश्चिम एसिया तनाव

अमेरिका र इरान लगभग चार महिनादेखि जारी युद्ध अन्त्य गर्न सम्झौतामा सहमत भएका छन्। यसले पश्चिम एसियामा तनाव कम गर्ने आशा जगाएको छ। दुवै देशका अधिकारीहरूका अनुसारए  समझदारीपत्र डिजिटल रूपमा हस्ताक्षर गरिएको छ र औपचारिक हस्ताक्षर शुक्रबार स्विट्जरल्याण्डको जेनेभामा हुने कार्यक्रम छ। यो सम्झौताले होर्मुज जलडमरू पुन: खोल्नेए  समुद्री यातायात पुनर्स्थापित गर्ने र इरानको परमाणु कार्यक्रमसहित विभिन्न मुद्दाहरूमा ६० दिनको वार्ता सुरु गर्ने बाटो खोल्ने अपेक्षा गरिएको छ। यो घोषणापछि  अन्तर्राष्ट्रिय तेलको मूल्यमा पनि नरमपन देखिएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले औपचारिक हस्ताक्षरपछि सम्झौताको पूर्ण विवरण जारी गरिने बताउनु भएको छ। इरानी राष्ट्रपति मसूद पेजेश्कियानले सम्झौतालाई स्वागत गर्दै यसलाई युद्ध अन्त्य गर्ने दिशामा एक महत्वपूर्ण कदमको रूपमा वर्णन गर्नु भयो|  यद्यपि  उहाँले भन्नु भयोए अन्तिम सम्झौता अझै भएको छैन।

खाडी क्षेत्रभरिका सरकारहरूले यो कूटनीतिक सफलताको स्वागत गरेका छन् र क्षेत्रीय स्थिरता पुनर्स्थापित गर्ने उद्देश्यका प्रयासहरूको लागि आफ्नो समर्थन व्यक्त गरेका छन्।

**फीफा विश्व कप**

फीफा विश्व कपमा ठुलो उलटफेर भएको छ। पहिलोपल्ट विश्व कप खेलिरहेका **काबो भर्डेको** टीमले प्रबल दावेदार स्पेनलाइ 0.0 मा बराबरीमा रोकेको छ। **काबो भर्डेको** 40 वर्षीय गोलकीपर **वोजिन्हा**ले शानदार खेल देखाएर स्पेनलाई गोल करने का कोई मौका नै दिएन। **काबो भर्डे**ए लगभग पांच लाख आबादी भएको सानो द्वीपीय देश हो। यस परिणामलाई टूर्नामेन्टको सबभन्दा ठुलो उलटफेर मानिएको छ।